# १० इस्काटोलोजिकल अर्थात अन्तिम शुद्धिकरणको दिन

<u>*यस अध्यायका प्रमुख पदहरू*</u>: दानियल ८, प्रकाश १४:६,७, गन्ती १४:३४, दानियल ९:२४-२७।

<u>*स्मरण गर्नुपर्ने पद*</u>: "उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।" दानियल ८:१४।

पवित्र मन्दिरको बारेमा दिएको सन्देशलाई बुझ्न देहायको तालिका अध्ययन गर्नुहोस्। दानियल ७मा उनले देखेको न्यायको दृष्य र दानियल ८:१४मा वर्णन गरिएको पवित्र मन्दिरको शुद्धकरण गर्ने घट्ना त्यही हो भनेर त्यस तालिकाले देखाउँदछ।

| दानियल ७ | दानियल ८ | त्यसको व्याख्या |
|---|---|---|
| सिहँ | - | बेबिलोन (आधुनिक इराक) |
| भालु | भेँडा | मिडपर्सिया |
| चितुवा | वाख्रा | युनान अर्थात् ग्रीस |
| चौठो पशु<br>सानो सिङ्ग | सानो सिङ्ग | मुर्तीपुजक रोम<br>पोपको आधिपत्य भएको रोम |
| येशू आउनुभन्दा अघि हुने न्याय | | इस्काटोलोजिकल वा अन्तिम शुद्धिकरणको दिन |
| सन्तहरूलाई परमेश्वरको राज्य हस्तारन्तर गरिने (येशूको दोस्रो आगमन) | | येशूको दोस्रो आगमन र त्यसपछिको अनन्त जीवन |

यस अध्यायमा हामीहरूले दानियल ८ अध्याय अध्ययन गर्नेछौं। सानो सिङ्ग र परमेश्वरको बीचमा भइरहेको शक्तिप्रदर्शनको

बारेमा यथार्थ जानकारी हामी पत्ता लगाउनेछौं। अनि त्यस सानो सिङ्गले दिएको चुनौतिलाई परमेश्वरले ई.सन् १८४४देखि पवित्र मन्दिरको शुद्धिकरणको विधि अपनाएर कसरी उचित जवाफ दिनुभएको छ भनेर हामी नियाल्नेछौं।

## १. सानो सिङ्गले हमला गर्छ (दानियल ८:९-१४)

सानो सिङ्गले बलपूर्वक कसलाई हमला गर्छ? हेर्नुहोस्, दानियल ८ विशेष गरेर पद ८-१४ र २३-२५।

"१ अघिल्लो दर्शन मलाई देखा परेपछि, राजा बेलसजरको राज्यकालको तेस्रो वर्षमा म, दानिएलले एउटा अर्को दर्शन देखें। २ मेरो दर्शनमा मैले आफैलाई एलाम प्रदेशको शूशनको किल्लामा देखें; दर्शनमा म ऊलै नहरको छेउमा थिएँ। ३ मैले हेरें, र मेरो सामु नहरको छेउमा उभिरहेको दुई सीङ भएको एउटा भेड़ा थियो, र ती सीङहरू लामा थिए। तीमध्ये एउटा अर्कोभन्दा लामो थियो, तर त्यो पछि उम्रेको थियो। ४ त्यो भेड़ाले पश्चिम र उत्तर र दक्षिणतिर हानिरहेको मैले हेरें। त्यसको विरुद्धमा कोही पनि खड़ा हुन सकेन र कसैले पनि त्यसको शक्तिबाट छुटाउन सकेन। त्यसले जे इच्छा लाग्यो, त्यही गऱ्यो र महान् बन्यो। ५ जसै मैले यसबारे विचार गर्दैथिएँ, अचानक आँखाहरूका बीचमा एउटा विशेष सीङ भएको एउटा बोका जमिनलाई नछोईकन पूरा पृथ्वीलाई पार गर्दै पश्चिमबाट आयो। ६ मैले देखेको नहरको छेउमा खड़ा भएको दुई सीङे भेड़ातिर त्यो आयो र ठूलो झोंकले त्यसलाई हान्यो। ७ रीसले चूर भई त्यसले भेड़ालाई आक्रमण गरी हानेर त्यसका दुई वटै सीङ भाँचिदिएको मैले देखें। त्यसको विरुद्ध खड़ा हुन त्यो भेड़ा शक्तिहीन थियो। त्यस बोकाले त्यसलाई जमिनमा पछारिदियो र त्यसमाथि टेक्यो, र त्यसको शक्तिबाट भेड़ालाई छुटाउन कसैले पनि सकेन। ८ त्यो बोका अति ठूलो भयो, तर त्यसका शक्तिको चरम सीमामा त्यसको विशाल सीङ भाँचियो र त्यसको सट्टामा आकाशका चारै बतासतर्फ विशेष सीङहरू उम्रे। ९ तिनीहरूमध्येबाट अर्को एउटा सीङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। १० स्वर्गका सेनाहरूसम्म नपुगुञ्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले

कुल्च्यो। ११ त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो।
त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल
झारियो। १२ विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक
बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो,
र सत्यलाई भूइँमा फ्याँकियो। १३ त्यसपछि मैले एउटा पवित्र जनले
बोलेको सुनें, र अर्का पवित्र जनले उनलाई भने, "यो दर्शन पूरा हुन कति
समय लाग्ला– अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान
र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला?"
१४ उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब
पवित्रस्थानको पूनःअर्पण हुनेछ।" १५ जसै म, दानिएल, दर्शन हेर्दैथिएँ र
त्यो बुझ्न कोशिश गर्दैथिएँ, मानिसको रूपमा एक जना मेरो सामु उभिए।
१६ अनि मैले ऊलैबाट यसो भनेर बोलाएको मानिसको स्वर सुनें, "हे
गब्रिएल, यस मानिसलाई दर्शनको अर्थ बताइदेऊ।"

१७ जसै तिनी म उभिएको ठाउँ नजिक आए, म डरले भयभीत
भएर लम्पसार परें। तिनले मलाई भने, "हे मानिसको पुत्र, यो बुझ कि
दर्शनले अन्तको समयलाई सङ्केतगर्दछ।" १८ तिनले मसँग बोल्दैगर्दा,
मेरो अनुहार भूइँमा थियो र म मस्त निद्रामा थिएँ। तब तिनले मलाई
छोएर मेरो खुट्टामा उभ्याए। १९ तिनले भने, "क्रोधको समयमा पछि के
हुनेछ, म तिमीलाई बताउन लागिरहेछु, किनभने दर्शनले तोकिएको
अन्तको समयलाई बताउँदछ। २० तिमीले देखेको त्यस दुई सीडे भेड़ाले
मादी र फारसका राजाहरूलाई जनाउँछ। २१ त्यो रौंले ढाकेको
बोकाचाहिँ ग्रीसको राजा हो, र त्यसका आँखाका बीचमा भएको ठूलो
सीङ त्यसको प्रथम राजा हो। २२ त्यस भाँचिएको सीङको सट्टामा
उम्रेका चार सीङहरूचाहिँ त्यसैबाट निस्केका चार राज्यहरू हुन्, तर
पहिलो राज्यजस्तो ती बलिया हुनेछैनन्। २३ तिनीहरूका राज्यकालका
पछिल्ला दिनहरूमा जब विद्रोहीहरूको दुष्टता चरम सीमामा पुगेको
हुनेछ, तब एउटा हठी, षड्यन्त्रमा पोख्त राजा उठ्नेछ। २४ त्यो धेरै
बलवान् हुनेछ, तर त्यसको आफ्नो शक्तिले होइन। त्यसले अचम्मको
विध्वंस ल्याउनेछ, र जे गर्छ त्यसमा सफल हुनेछ। त्यसले शक्तिशाली
मानिसहरू र पवित्र जनहरूलाई नाश गर्नेछ। २५ त्यसले छललाई
सफल पार्नेछ र आफैलाई उच्च ठान्नेछ। जब तिनीहरूले सुरक्षाको

**महसूस गर्छन्, त्यसले धेरैलाई नष्ट गर्नेछ र राजकुमारहरूका राजकुमारको विरुद्धमा त्यो खड़ा हुनेछ। तापनि त्यो नष्ट हुनेछ, तर कुनै मानिसको शक्तिद्वारा होइन। २६ "तिमीलाई दिइएको साँझहरू र बिहानहरूसम्बन्धी दर्शन सत्य छ, तर त्यो दर्शनलाई मोहोरलगाई बन्द गर, किनभने यो धेरै पछिको भविष्यसँग सम्बन्धित छ।" २७ म, दानिएल, अति थकित भएँ र केही दिनसम्म बिरामी भई परिएँ। तब म उठेर राजाको कामधन्धामा लागें। दर्शनको कारण म व्याकुल भएँ, यो समझदेखि बाहिरको कुरा थियो।"**

सानो सिङ्गको शक्ति राजकुमारको(येशू) (पद ११, यहोशू ५:१३-१५सँग तुलना गर्नुहोस्) आराधनालाई धम्कि दिएको थियो। दैनिक बलिलाई त्यसले हटाएको थियो (दानियल ८:११,१२। "दैनिक बलिदान" भन्ने शव्द हिब्रू भाषाको टामिद (tamid)बाट आएको हो। त्यसको अर्थ बाइबलको समयमा इस्रायलमा रहेको पवित्र मन्दिरमा मानिसहरूको पापको निम्ति पुजारीले दिनदिनै पशुबलि चढाइनु हो। (त्यस बलिले येशूको मृत्युलाई औँल्याउँथ्यो)। त्यो तामिद वा बलि विधिहरू अपनाउने मूल व्यक्ति पुजारी हुन्थ्यो। त्यसमा प्रायजसो मूल पुजारी हुन्थ्यो। त्यसैकारण त्यस सानो सिङ्गले (मूल) पुजारीको कामलाई खोस्न खोजेको थियो र उसले गरिने दैनिक बलिको विधिलाई अन्त्य गर्न खोजेको थियो। पाश्चात्य देश रोममा रहेको पोपको अधिनमा रोमन क्याथोलिक चर्चको विगिविगि भएको बेलामा सानो सिङ्गले ख्रीष्टको मूल पुरोहितिय काममाथि हमला गर्नेछ भनेर स्पष्ट रूपमा हामीलाई भविष्यवाणीले देखाएको छ।

भेँडा (मिड पर्सिया) र बोका (ग्रीस)को आधिपत्यपछि सानो सिङ्गको उदय भएकोथियो। ती मिडपर्सिया (दानियल ८:२०) र ग्रीस (दानियल ८:२१) साम्राज्यको पतन भएपछि रोमी साम्राज्यको उदय भएको थियो। त्यसकारण त्यस सानो सिङ्ग रोम नै हो भनेर ऐतिहासिक रूपमै ठोकुवा गर्न सकिन्छ। सानो सिङ्ग गैर इसाई रोम भएर प्रादुर्भाव भएको थियो। सुरूको रोमी सभ्यतामा अनगिन्तियौं देवीदेवताहरूलाई पूजा गरिन्थ्यो, मुर्ती पूजा व्यापक थियो र तिनीहरूको नाउँमा अनेकौं पर्वहरू मनाइन्थ्यो। पछि तेस्रौं शताव्धीतिर रोमको धर्मलाई क्याथोलिक चर्चले बिलाइदियो। रोममा रहेको इसाई धर्मगुरू पोपको प्रभावमा रोमी

साम्राज्यका सम्पूर्ण राष्ट्रहरूले उसले स्थापना गरेको रोमन क्याथोलिक चर्चलाई मान्न थालेका थिए। त्यसकारण दानियलले देखेका दर्शनको प्रमुख भाग रोमको पोपिय राज्य थियो।

"दैनिक बलिको विधि" (तामिद)को अर्थ स्वर्गमा रहेको परमेश्वरको मन्दिरमा ख्रीष्टले निरन्तर रूपमा गरिने पुरोहितको काम भनेर जनाउँछ (हिब्रू ७:२५: हिब्रू ८:१,२)। "दैनिक बलिप्रथालाई खोस्नु"को अर्थ सानो सिङ्गले पोपले स्थापना गरेको कठित इसाई धर्म प्रवेश गराउनु हो। केवल येशूमा रहेको पापको सुनावाई गर्ने र क्षमा गर्ने अधिकार क्योथोलिक चर्चका धर्मगुरूहरूलाई दिइएको छ भनेर त्यस धर्मले दावी गर्दछ। साथै बाइबलमा उल्लेख नगरेको येशूको आमा मरियमको आराधना गर्ने संस्कार पनि त्यही रोमको पोपिय शासनले सुरू गरेको थियो। रोमको रोमन क्याथोलिक चर्चको आफ्नै ती आविष्कारहरू जस्तै चर्चको धर्मगुरू वा भिझु वा फादरहरूले पाप क्षमा गर्ने अधिकार पाएको भनेर दावी गर्न, मरियमलाई पूजा गर्ने, सन्तहरूको उपासाना गर्ने र साथै अनेकौं इसाई पर्वहरू (क्रिस्टमस, ईस्थर आदि) स्थापना गर्न लगाएर ख्रीष्टले स्वर्गमा गर्नुहुने निरन्तर सेवाले गर्दा पापीहरूले बुझेका उहाँमाथि भरपर्ने विद्यालाई ओझेलोमा पार्न सफलता भएको थियो।

**आफै फादर हुँ, भगवान हुँ भनेर परमेश्वरको अधिकारलाई आफ्नो हातमा लिएर उहाँको नाउँमा खेलाचीं गर्ने धर्मसंस्कारको खतराबाट कोही पनि सुरक्षित छैन। तपाईं आफै पनि नजानजानी त्यही भूमिका खेलिरहनुभएको हुनसक्नेलाई तपाईंले के भन्ने?)**

(स्वर्गमा रहेको पवित्र मन्दिरको बारेमा थप टिप्पणीः परमेश्वरको सिहाँसनको अगाडि येशूले मूल पुरोहितको काम गर्नुभएको थियो भनेर विभिन्न टिकाटिप्पणी अघि नै गरिसकेको छ। जसरी इस्राएलको धार्मिक इतिहासमा मानिसहरूको पापको निम्ति थुमालाई बलि चढाइन्थ्यो, येशूको मृत्युपछि त्यो प्रथा इस्राएलको धार्मिक इतिहासमा अन्त्य भएको थियो। येशू बौरि उठ्नुभएपछि उहाँ स्वर्गको मन्दिरमा जानु भएको थियो। त्यहाँ पापीको निम्त येशूले गर्नुभएको कार्यलाई परमेश्वरले स्वीकार गर्नुभएकोथियो। बार्षिक शुद्धिकरणको विधिले औंल्याएको विधि अनुसार मन्दिरको अति पवित्र कक्षमा जाने

मूल पुजारीको काम जस्तै येशूपनि अति पवित्र कक्षमा सन् १८४४मा पस्नु भएको थियो भनेर  दानियलले देखेका भविष्यवाणीको इतिहास पुरा भएको देखाएको थियो। त्यहाँ अहिलेको दिनसम्म येशूले हाम्रा पापहरूलाई क्षमा दिनुहुन्छ र हाम्रा पापपूर्ण जीवनलाई उहाँको शुद्ध र धार्मिक जीवनले ढाकेर हाम्रो निम्ति परमेश्वरको सामु बिन्ति चढारहनुभएको छ। त्यो काम उहाँल छिट्टै सम्पन्न गरिसक्नुहुनेछ। त्यसपछि उहाँ बादलबाट उहाँले हामीलाई लान आउनुहुनेछ। मरेकाहरू बौरी उठ्नेछन् र उहाँलाई बादलमै भेट्न जानेछन्। येशूका जीवित भक्तहरू तिनीहरूको पछि लाग्ने छन्। त्यस दिन नआउञ्जेल विश्वासद्वारा हामी येशूसँगै स्वर्गको मन्दिरको अति पवित्र कक्षमा विश्वासद्वारा रहिरने अवसर हामी सबैलाई प्रदान गरिएको छ-सेभेन्थ-डे एडभेन्टिस्टको विशेष अतुलनीय विद्या)।

## २. “कहिले सम्म?" (दानियल ८:१३)

परमेश्वरमा मात्र निहित भएको अधिकार सानो सिङ्गले लिन्दछ (दानियल ८:९-११)। अब प्रश्न उठ्छ, कहिलेसम्म दानियलले देखेका दर्शन रहिरहन्छ अर्थात् त्यस सानो सिङ्गको शक्तिलाई भन्दाफोर वा न्यायगर्ने समय नआउँञ्जेल कहिलेसम्म पर्खिने?

**दानियलले देखेको दर्शन दानियल ८:१३मा यसरी उल्लेख गरिएको छ“ त्यसपछि मैले एउटा पवित्र जनले बोलेको सुनें, र अर्का पवित्र जनले उनलाई भने, “यो दर्शन पूरा हुन कति समय लाग्ला– अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला?”**

**त्यो  “कहिले सम्म?" भन्ने प्रश्नलाई कुन् कुन् महत्त्वपूर्ण विषयवस्तुहरूले अगुवाई गरेका छन्?**

“कहिले सम्म?" भन्ने प्रश्नले तत्कालिन परिस्थितिलाई परिवर्तन गर्न अपेक्षा गरिएको बाइबलले देखाउँछ। परमेश्वरका जनहरूलाई त्यो प्रश्न परमेश्वर र उहाँका अगमवक्ताहरू सोधेका थिए (प्रस्थान १०:३, गन्ती १४:२७ र १ राजा १८:२१)। परमेश्वरका जनहरूले (भजन ९४:३, प्रकाश ६:१०) र स्वर्गदूतले (जकरिया १:१२) पनि त्यही प्रश्न परमेश्वरलाई गरेका थिए। स्वर्गदूतले “कहिले सम्म?" भनेर

सोधेको प्रश्न (दानियल ८:१३, दानियल १२:६) यथार्थमा निरन्तर दुःखकष्टको परिस्थितिले उब्जाएको चित्कार हो। परिवर्तनको निम्ति र परमेश्वरको न्यायको आह्वान गर्ने सारा जनको बुलन्द आवाज हो। परमेश्वरको अन्तिम विजयको अपेक्षा मानिसहरूले गरिरहेको छ भनेर त्यस पश्नले आभास् दिन्छ।

दानियल ८:१३मा सोधेको त्यो प्रश्नको जवाफ तत्कालै आउँछ। "२,३०० बेलुका र बिहान" (पद १४ उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।") समय पछि पवित्र मन्दिरलाई विटुलो पार्ने कामको अन्त्य सुरू हुनेछ। त्यो २,३००वर्षको ऐतिहासिक युगको प्रतिक थियो।

जब मानव अवस्था र कुन् भविष्यवाणीको युगमा हामी जीइरहेकाछौं भन्ने ज्ञानलाई बुझ्छौं तब हामी चुपचाप रहन सक्दैनौं। "कहिले सम्म?" भन्ने चित्कार हामीले अगाडि बढाइरहनु आवश्यक छ। जब हामीले हाम्रो संसारमा भइरहेको विभिन्न अवस्था वा घटनाहरूलाई हेर्छौं त्यसको अन्त गर्न परमेश्वरसँग जिकिर किन नगर्ने? हामी चाहन्छौं कि यस दर्दनाक संसारको अन्त्य होस् र परमेश्वरक धर्मी जनहरूले यसलाई आफ्नो सुरक्षित घर बनाउन सकोस् (२ पत्रुस ३:१३ रूपान्तरित)। अहिले परमेश्वरले काम गरिरहनुभएको छ (दानियल ८:१४)। तर दुष्ट संस्कारले गरिरहेको राज्यलाई उहाँले अन्त गरियोस् भन्ने हामी चाहन्छौं र उहाँले प्रतिज्ञा गर्नुभएको महान् गौरवशाली राज्यमा फर्कन सकौं भनेर हामी कामना गर्छौं।

**कुन परिस्थितिमा तपाईंले पनि परमेश्वरले "कहिले सम्म?" भनेर प्रश्न सोध्नुभएको छ? तपाईंले अपेक्षा गर्नुभएको परिस्थिति तत्कालै परिवर्तन गरी त्यो "कहिले सम्म?" भन्ने जवाफ नआएतापनि सबै थोकमा परमेश्वरको नियन्त्रण छ भनेर तपाईं यकिन भएर कसरी बस्न सक्नुहुन्छ?**

## ३. पवित्रको पुनर्स्थापना (दानियल ८:१४)

२,३०० "बेलुका र बिहान"को अन्तमा के भयो? हेर्नुहोस् दानियल ८:१४, "उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान

लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण वा शुद्धिकरण हुनेछ।” **दानियल** ८:१४।

“बेलुका र विहान" भन्ने वाक्यांश सृष्टिको कथासँग मिल्छ (उत्पत्ति १:५,८)। एक दिनको अर्थ बेलुका र बिहान हो। सानो सिङ्ग र उसका मतियारहरूको विध्वंसात्मक क्रियाकलापलाई परमेश्वरले आफ्नो सृजनशील शक्तिलाई प्रयोग गरेर रोक्नुहुनेछ भन्ने आभास त्यस पदले दिँदछ। दानियल ८:१३को प्रश्नलाई दानियल ८:१४ले दिएकोमा यो भन्दछ कि परमेश्वरले परिस्थितिलाई बदल्नुहुनेछ।

त्यो जवाफ यसरी पनि पढ्न सकिन्छः “२,३००को बेलुका-बिहानसम्म, अनि परमेश्वरको पवित्र मन्दिरको पुनर्स्थापना वा शुद्धिकरण हुनेछ।" हिब्रू भाषामा जेडडक्युसँग (zdq) मिल्न शव्द “पुनर्स्थापना"को बारेमा खोज अध्ययन भएको छ। त्यस अध्ययनले त्यस शव्दको तिन महत्त्वपूर्ण अर्थ देखाएको छः (१) पुनर्स्थापना (यशैया १०:२२) (२) सफा गर्ने, चोखो पार्ने वा शुद्धिकरण गर्ने (अय्युब ४:१७, २५:४) (३) पुष्टि गर्ने (दोषमुक्त भनेर घोषणा गर्ने) (अय्युव ३४:५)। न्यायको दिनमा परमेश्वरले के गर्नुहुन्छ सो वर्णन गर्न त्यही क्रियापद प्रयोग गरिएको छ। त्यसबेला धर्मीहरू दोषमुक्त भएको घोषणा गर्नेछ र तिनीहरू धर्मात्मा भएको पुष्टि गर्ने छ (१ राजा ८:३२, यशैया ५०:८)। परमेश्वरको मन्दिर भनेर गरिएको दानियल ८:१४को शव्द प्रयाजसो पवित्र भनेर पनि प्रयोग गरिएको छ। त्यसको अर्थ पवित्र जन पनि हो (दानियल १२:७)। दानियल ८:२४मा उल्लेख गरेको सानो सिङ्गको शक्ति दानियल ७को जस्तै छ। त्यसले पनि परमेश्वरका पवित्र जनहरूलाई आक्रमण गर्दछ।

“पवित्र" वा “मन्दिर"को पुनर्स्थापना भनेर दानियल ८:१४ले यस अध्यायमा भएको सबै समस्याहरूको समाधान गर्दछ। सानो सिङ्गको आधिपत्यको विरुद्धमा न्याय गरिनेछ। अनि पवित्र मन्दिरको शुद्धिकरण वा पुनर्स्थापना हुनेछ। परमेश्वरका जनहरू र परमेश्वरको पवित्र मन्दिर यथोचित स्थानमा फर्किनेछ। यस पृथ्वीमा भएको पवित्र मन्दिरमा गर्ने वार्षिक शुद्धिकरण वा पश्चातापको दिनको विधि जस्तै त्यो पुनर्स्थापना वा पवित्र बनाउने पनि हो (लेवी १६:२०,३०)।

दानियल ७मा परमेश्वरले उच्चारण गर्नुभएको न्यायको बराबरीमा दानियल ८मा भएको पुनर्स्थापनाको कार्य मिल्दछ। दानियल ७मा सानो सिङ्गको दुष्ट शक्तिको खिलाफमा परमेश्वरले सन्तहरूको पक्षमा न्याय गरिएको थियो।

दानियलले देखेको परमेश्वरको न्याय र न्यायप्रणालीलाई संसारले थाहा पाउनु जरुरी छ (दानियल ८:१४)।

**दानियल ७मा उल्लेख गरिएको न्यायिक फैसला र दानियल ८मा उल्लेख गरिएको मन्दिरको शुद्धिकरणसँग प्रकाश १४:६,७ कसरी मिल्छ, हेर्नुहोस्: "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"**

## ४. दानियल ८मा उल्लेख गरिएको शुद्धिकरणको दिन

स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर र उहाँको जनहरूलाई लक्षित गरेर सानो सिङ्गले हमला गर्दछ। उहाँका जनहरूको निम्ति भविष्य के छ भनेर सोधिएको प्रश्न दानियल ८:१३मा उल्लेख गरेको छ। केवल शुद्धिकरणको दिनले मात्र पवित्र मन्दिर र परमेश्वरका जनहरूलाई यथोचित स्थानमा ल्याउन सक्दछ। त्यसबेला परमेश्वरले जे जे नितिलिएर काम गर्नुहुन्छ त्यो उचित र न्यायोचित भनेर प्रमाणित हुन्छ। त्यसकारण दानियल ८:१४मा दिएको जवाफले शुद्धिकरणको दिनमा के विधि अपनाउँछ त्यसलाई औंल्याएको देखिन्छ। शुद्धिकरण वा पश्चातापको दिन केवल धार्मिक विधिको दिनमात्र हो जसले दानियल ८को महत्त्वपूर्ण विषयवस्तु समान छः परमेश्वरको मन्दिर प्रतिकको रूपमा छ भने मन्दिर र उहाँका जनहरूलाई शुद्ध बनाइएकोछ, न्याय गरिएको छ र पुनःसृष्टि गरिएको छ।

दानियल ८मा धेरै यस्ता शव्दहरू छन् जसले शुद्धिकरणको दिनलाई पुष्टि गर्न खोजेको छ। सिङ्गले विद्रोह गर्छ युद्ध छेड्छ (दानियल ८:१२,१३)। यही शव्द लेवी १५:१५,२१ रूपान्तरितमा

पनि देखा परेको छ। पाप गरेर परमेश्वरको विरुद्धमा गएको त्य शव्दले देखाउँछ। केवल पश्चाताप वा शुद्धिकरणको दिनमा गरिने मन्दिरको शुद्धिकरणले मात्र पाप हटाएर त्यस मन्दिरलाई चोखो बनाउँछ। दानियल ८:१४मा उल्लेख गरेको पवित्र (गोडेश *godesh)* लेवी १६सँग स्पष्टरूपमा मिल्दछ। त्यसले महा पवित्र कक्षलाई औंल्याउँछ (लेवी १६:२,३,१६,१७,२०,२३,२७,३३)। त्यो "पवित्र" यथोचित स्थानमा पुनर्स्थापना हुन्छ भन्नाले शुद्धिकरणको दिनको बारेमा याद दिलाउँछ। "दुष्ट वा वागी" बाट शुद्ध बनाउने प्रक्रियाले स्थान वा जनहरूलाई पवित्र बनाउँछ (लेवी १६:१५ रूपान्तरित)। भेंडा र बोका पशुको विशेष प्रतिकहरूले शुद्धिकरणको दिनमा गरिने शुद्धिकरण गरिने प्रक्रियालाई जनाउछ (लेवी १६:५), किनभने त्यस पवित्र दिनमा यस पृथ्वीको पवित्र मन्दिरको विधि अनुसार ती पशुहरूलाई बलि चढाइन्थ्यो। बोकोलाई रौंले ढाकेको भनेर उल्लेख गरेको छ (दानियल ८:२१)। शुद्धिकरणको दिनमा प्रयोग गरिने दुई बोकाहरूलाई वर्णन गर्न त्यस शव्द प्रयोग गरिएको छ।

शुद्धिकरणको दिनमा गरिने परमेश्वरको शुद्धिकरण प्रक्रियाले परमेश्वरको चर्चसँग गरिने सानो सिङ्गको आक्रमणलाई रोक्दछ र उसको आयुलाई छोटो बनाउँछ। अन्तमा परमेश्वरको जनहरूमा फैलिएका त्राही त्राही चित्कारहरूको अन्त हुन्छ, सत्य आराधना र परमेश्वरको पवित्र मन्दिरलाई यथोचित स्थानमा पुनर्स्थापित हुन्छ। अन्तमा परमेश्वरको नाउँले सफाई पाउँछ। परमेश्वरका कामहरू र उहाँका न्यायहरू उचित र न्यायोचित छ भनेर शुद्धिकरणको दिनले बताउँदछ। उहाँप्रति बफादार हुनेहरूको सबै पापहरू क्षमा हुनेछ र उहाँप्रति अनिष्ठा र विद्रोह देखाउनेहरूको उचित न्याय गरिनेछ। जब शुद्धि गरिने शुद्धिकरणको दिनमा उहाँले उहाँका जनहरूलाई मुक्ति दिनुहुन्छ र दुष्ट अन्यायी अत्याचारीहरूलाई सजायँ दिनुहुनेछ त्यसबेला परमेश्वर कस्तो न्यायोचित हुनुहुँदो रहेछ भनेर प्रमाणित गरेको सारा जगतले हेर्नपाउनेछ।

**लामो शताव्धीहरू वितिसक्दा पनि परमेश्वरले आफ्ना जनहरूलाई गर्नुभएका प्रतिज्ञाहरू विर्सनुभएको छैन भनेर दानियल ८:१४ले हामीलाई सिकाउँदछ। दुष्टलाई उहाँले सजायँ दिनुहुन्छ र सन्तहरूलाई इनाम**

दिनुहुनेछ। कष्टका दिनहरूमा पनि ती प्रतिज्ञाहरूलाई तपाईंले कसरी पक्रि राख्न सक्नुहुन्छ? ती प्रतिज्ञाहरू बिना हामीहरूको आशाको औचित्य के छ र? १७८

## ५. दानियल ८ र ९

यस अंशको निम्ति दानियल ८ र ९ पढ्न जरुरी छ। दानियल ८ "१ अघिल्लो दर्शन मलाई देखा परेपछि, राजा बेलसजरको राज्यकालको तेस्रो वर्षमा म, दानिएलले एउटा अर्को दर्शन देखें। २ मेरो दर्शनमा मैले आफैलाई एलाम प्रदेशको शूशनको किल्लामा देखें; दर्शनमा म ऊलै नहरको छेउमा थिएँ। ३ मैले हेरें, र मेरो सामु नहरको छेउमा उभिरहेको दुई सीङ भएको एउटा भेड़ा थियो, र ती सीङहरू लामा थिए। तीमध्ये एउटा अर्कोभन्दा लामो थियो, तर त्यो पछि उम्रेको थियो। ४ त्यो भेड़ाले पश्चिम र उत्तर र दक्षिणतिर हानिरहेको मैले हेरें। त्यसको विरुद्धमा कोही पनि खड़ा हुन सकेन र कसैले पनि त्यसको शक्तिबाट छुटाउन सकेन। त्यसले जे इच्छा लाग्यो, त्यही गऱ्यो र महान् बन्यो।

५ जसै मैले यसबारे विचार गर्दैथिएँ, अचानक आँखाहरूका बीचमा एउटा विशेष सीङ भएको एउटा बोका जमिनलाई नछोईकन पूरा पृथ्वीलाई पार गर्दै पश्चिमबाट आयो। ६ मैले देखेको नहरको छेउमा खड़ा भएको दुई सीडे भेड़ातिर त्यो आयो र ठूलो झोंकले त्यसलाई हान्यो। ७ रीसले चूर भई त्यसले भेड़ालाई आक्रमण गरी हानेर त्यसका दुई वटै सीङ भाँचिदिएको मैले देखें। त्यसको विरुद्ध खड़ा हुन त्यो भेड़ा शक्तिहीन थियो। त्यस बोकाले त्यसलाई जमिनमा पछारिदियो र त्यसमाथि टेक्यो, र त्यसको शक्तिबाट भेड़ालाई छुटाउन कसैले पनि सकेन। ८ त्यो बोका अति ठूलो भयो, तर त्यसका शक्तिको चरम सीमामा त्यसको विशाल सीङ भाँचियो र त्यसको सट्टामा आकाशका चारै बतासतर्फ विशेष सीङहरू उम्रे। ९ तिनीहरूमध्येबाट अर्को एउटा सीङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। १० स्वर्गका सेनाहरूसम्म नपुगुञ्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। ११ त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान

तल झारियो। १२ विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो।

१३ त्यसपछि मैले एउटा पवित्र जनले बोलेको सुनें, र अर्को पवित्र जनले उनलाई भने, "यो दर्शन पूरा हुन कति समय लाग्ला– अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला?" १४ उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।"

१५ जसै म, दानिएल, दर्शन हेर्दैथिएँ र त्यो बुझ्न कोशिश गर्दैथिएँ, मानिसको रूपमा एक जना मेरो सामु उभिए। १६ अनि मैले ऊलैबाट यसो भनेर बोलाएको मानिसको स्वर सुनें, "हे गब्रिएल, यस मानिसलाई दर्शनको अर्थ बताइदेऊ।"

१७ जसै तिनी म उभिएको ठाउँ नजिक आए, म डरले भयभीत भएर लम्पसार परें। तिनले मलाई भने, "हे मानिसको पुत्र, यो बुझ कि दर्शनले अन्तको समयलाई सङ्केतगर्दछ।" १८ तिनले मसँग बोल्दैगर्दा, मेरो अनुहार भूइँमा थियो र म मस्त निद्रामा थिएँ। तब तिनले मलाई छोएर मेरो खुट्टामा उभ्याए। १९ तिनले भने, "क्रोधको समयमा पछि के हुनेछ, म तिमीलाई बताउन लागिरहेछु, किनभने दर्शनले तोकिएको अन्तको समयलाई बताउँदछ। २० तिमीले देखेको त्यस दुई सीडे भेड़ाले मादी र फारसका राजाहरूलाई जनाउँछ। २१ त्यो रौंले ढाकेको बोकाचाहिँ ग्रीसको राजा हो, र त्यसका आँखाका बीचमा भएको ठूलो सीङ त्यसको प्रथम राजा हो। २२ त्यस भाँचिएको सीङको सट्टामा उम्रेका चार सीङहरूचाहिँ त्यसैबाट निस्केका चार राज्यहरू हुन्, तर पहिलो राज्यजस्तो ती बलिया हुनेछैनन्।

२३ तिनीहरूका राज्यकालका पछिल्ला दिनहरूमा जब विद्रोहीहरूको दुष्टता चरम सीमामा पुगेको हुनेछ, तब एउटा हठी, षड्यन्त्रमा पोख्त राजा उठ्नेछ। २४ त्यो धेरै बलवान् हुनेछ, तर त्यसको आफ्नो शक्तिले होइन। त्यसले अचम्मको विध्वंस ल्याउनेछ, र जे गर्छ त्यसमा सफल हुनेछ। त्यसले शक्तिशाली मानिसहरू र पवित्र जनहरूलाई नाश गर्नेछ। २५ त्यसले छललाई सफल पार्नेछ र

आफैलाई उच्च ठान्नेछ। जब तिनीहरूले सुरक्षाको महसूस गर्छन्, त्यसले धेरैलाई नष्ट गर्नेछ र राजकुमारहरूका राजकुमारको विरुद्धमा त्यो खड़ा हुनेछ। तापनि त्यो नष्ट हुनेछ, तर कुनै मानिसको शक्तिद्वारा होइन।
२६ "तिमीलाई दिइएको साँझहरू र बिहानहरूसम्बन्धी दर्शन सत्य छ, तर त्यो दर्शनलाई मोहोरलगाई बन्द गर, किनभने यो धेरै पछिको भविष्यसँग सम्बन्धित छ।"
२७ म, दानिएल, अति थकित भएँ र केही दिनसम्म बिरामी भई परिरएँ। तब म उठेर राजाको कामधन्धामा लागें। दर्शनको कारण म व्याकुल भएँ, यो समझदेखि बाहिरको कुरा थियो।" र दानियल
९ " १ अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो मादी वंशका थिए र बेबिलोनी* राज्यका शासक तुल्याइएका थिए–
२ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ।
३ यसकारण उपवाससाथ भाङ्ग्रा ओढ़ेर खरानी धसी प्रार्थना र अन्तर्बिन्ती गर्दै परमप्रभु परमेश्वरतिर फर्केर्।
४ मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरें: "हे परमप्रभु, महान् र भययोग्य परमेश्वर, जसले उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ,
५ हामीले पाप गरेका छौं र गल्ती गरेका छौं। हामी दुष्ट भएका छौं र बागी बनेका छौं, हामी तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं।
६ हामीले तपाईंका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले तपाईंको नाउँमा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र देशका सबै मानिसहरूसँग बोलेका थिए।

७ "परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी यहूदाका मानिसहरू र यरूशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौं।
८ हे परमप्रभु, हामी र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौं, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं।
९ हामी उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ।
१० हामीले परमप्रभु हाम्रा परमेश्वरका आज्ञा पालन गरेका छैनौं र उहाँका सेवक अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं।

११ तपाईंको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाईंको
व्यवस्था भङ्ग गरेका छन् र तपाईंदेखि टाढ़ा भएका छन्। "यसकारण
परमेश्वरका सेवक मोशाको व्यवस्थामा उल्लिखित सराप र शपथ
गरिएका फैसलाहरू हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको
विरुद्धमा हामीले पाप गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर
हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू
तपाईंले पूरा गर्नुभएको छ। यरूशलेमसित आकाशमुनि कहिल्यै
नगरिएको व्यवहार गरिएको छ। १३ मोशाको व्यवस्थामा लेखिएजस्तै
यी सबै विपत्ति हामीमाथि आएका छन्, तैपनि आफ्ना पापदेखि फर्की
तपाईंको सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्वरको कृपा
खोजेका छैनौं। १४ हामीमाथि विपत्ति ल्याउन परमप्रभु अनकनाउनुभएन,
किनभने परमप्रभु हाम्रा परमेश्वर उहाँले गर्नुहुने सबै कुरामा धर्मी
हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका छैनौं। १५ "अब हे
परमप्रभु हाम्रा परमेश्वर, जसले आफ्ना जनहरूलाई शक्तिशाली हातले
मिश्रदेशबाट ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर
राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौं। १६ हे
परमप्रभु, तपाईंका धार्मिक कार्यअनुरूप तपाईंको सहर, तपाईंको पवित्र
डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रीस हटाउनुहोस्। हाम्रा पाप र
हाम्रा पिता-पुर्खाका अपराधले गर्दा यरूशलेम र तपाईंका मानिसहरू हाम्रा
वरिपरिका मानिसहरूका सामु गिल्लाका पात्र बनेका छन्। १७ "अब हे
हाम्रा परमेश्वर, आफ्नो दासको प्रार्थना र अन्तर्बिन्ती सुन्नुहोस्। हे
परमप्रभु, तपाईंको आफ्नै खातिर आफ्नो उजाड़ पारिएको पवित्रस्थानमाथि
कृपा-दृष्टि राखिदिनुहोस्। १८ हे परमेश्वर, आफ्नो कान थाप्नुहोस् र
आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था
हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान्
कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्!
हे परमप्रभु, सुन्नुहोस् र कारबाई गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो
खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले
तपाईंको नाउँ बोकेका छन्।" २० जसै म बोल्दै र प्रार्थना गर्दै, मेरो
आफ्नै पाप र मेरा इस्राएली जातिको पाप स्वीकार गर्दै र उहाँको पवित्र
डाँड़ाको लागि परमप्रभु मेरा परमेश्वरसँग बिन्ती गर्दैथिएँ– २१ जसै म

प्रार्थनामा नै थिएँ, पहिलेको दर्शनमा मैले देखेका मानिस, गब्रिएल, साँझका बलिदानको समयमा वेगसँग उड़ेर मकहाँ आए। २२ उनले मलाई आदेश दिए र भने, “हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु। २३ तिमीले प्रार्थना गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो, जुनचाहिँ तिमीलाई बताउन म आएको छु, किनकि तिमी अति सम्मानित छौ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ। २४ “तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी ‘सातहरू’* को आदेश तोकिएको छ।

२५ “यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात ‘सातहरू’ र बयसट्ठी ‘सातहरू’ हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी ‘सातहरू’ पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक ‘सात’ * को लागि तिनले एउटा करारको सदर गर्नेछन्। ‘सात’-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।”

(अङ्ग्रेजीमा प्रचलित शव्द भिजन ( *vision)* भन्ने शव्दलाई नेपालीमा विभिन्न अर्थ छन्। ती मध्ये मनःदृष्टी, दुरदृष्टी, सपना, कल्पना, परिकल्पना, स्वप्नदर्शन आदि छन्) हिब्रू भाषामा पहिल्याइएको स्वप्नदर्शनलाई शाजोन *( chazon)* भनिन्छ। दानियल ८:३-११मा दानियललाई देखाइएको सबै दर्शनलाई त्यस शाजोन भनिएको छ (दानियल ८:१,२,१३,१५)। दानियल ८:१३मा दानियलले आफूले देखेको दर्शन कहिले सम्म हुन्छ भनेर उनले सोधेको थियो। अर्थात् परमेश्वरले उनलाई भविष्यमा हुने इतिहासका पानाहरू अगावै दर्शनद्वारा देखाउनुभएको थियो। दानियलले भविष्यका राज्यहरू दर्शनमा देखेका

थिए। तर ती राज्यहरूका प्रतिक विभिन्न पशुहरू थिए। मिडपर्सियालाई भैंडा, ग्रीसलाई बोको र पोपको अधिकारमा चलेको रोम राज्य सानो सिङ्ग भएर देखाइएको थियो। “२,३०० बेलुका र बिहान" (दानियल ८:१४)चाहिँ लामो ऐतिहासिक दर्शन थियो। दानियलले देखेको दर्शनमा त्यस समय भनेको मिडपर्सियादेखि अन्तको समयसम्मको इतिहासलाई समेतेको छ। “समयको अन्त" भनेर दर्शनमै उल्लेख गरिएको छ (दानियल ८:१७,१८) र “साथै भविष्यका धेरै दिनहरू" भनेर पनि उल्लेख गरिएको छ (दानियल ८:२६ रूपान्तरित)। दर्शनमा दिएको समय लामो जनाएको हुनाले २,३०० दिनमा के के हुन्छ भनेर सबै थोकलाई एकै दर्शनमा खास समेट्न सकिन्दैन। त्यसकारण परमेश्वरले समयलाई तोकेर दर्शन दिनुहुन्छ, प्रायजसो त्यस समयलाई बुझ्न अर्को समय तोकिएको हुन्छ। जब एक दिन भनेर बाइबलमा अगमवक्ताले दर्शन देख्छन् तब त्यो एक दिनको अर्थ एक वर्ष भनेर वाख्या गर्नुपर्छ। त्यसलाई वाख्या गर्दा २,३०० दिनको अर्थ २,३०० वर्ष हुन आउँछ। यो वाख्या गर्ने निति इजकिएल ४:५,६ र गन्ती १४:३४सम्मत छ। दर्शनमा एक दिनलाई एक वर्ष भनेर देखाइएको ती पदहरूमा उल्लेख छ।

अब प्रश्न उठ्छ यथार्थमा २,३०० वर्ष कहिलेदेखि सुरू हुन्छ? बाइबलका विभिन्न यहूदी र इसाई विद्वानहरूले दानियल ८:१४सँग दानियल ९:२४-२७मा उल्लेखित सात-हप्ताको भविष्यवाणीसँग सम्बन्ध छ भनेर जोडदार समर्थन गरेका छन्। दानियल ९:२४-२७मा उल्लेख गरेक भविष्यवाणीले आउने मसीह, येशूलाई औँल्याउँछ भनेर तिनीहरूले देखेका थिए।

**दानियल ९:२४-२७ फेरि पढ्नुहोस्। ती पदहरूमा के भइरहेको उल्लेख गरिएको छ। दानियल ८:१४सँग त्यो कसरी जोडिएको छ?**

दानियल ८मा देखाइएको सबै भविष्यवाणीलाई “दर्शन" (शाजोन) भन्ने शव्दलाई प्रयोग गरिएको छ। फेरि अर्को शव्द मेरह (mareh) भन्ने शव्दलाई पनि “दर्शनै" भनेर अनुवाद गरिएको छ। यो चाहिँ “बेलुका बिहानको दर्शन" भनेर उल्लेख गरिएको छ (दानियल ८:२६ रूपान्तरित)। २,३०० दिनको दर्शन वा मेरहलाई दानियलले

बुझेको थिएन (दानियल ८:२७)। अरू सबै थोकचाहिँ स्वर्गदूतले दानियललाई बुझाएका थिए।

धेरै वर्षपछि त्यही स्वर्गदूत गाब्रियल दानियलकहाँ देखा परेका थिए। "२,३०० दिनको दर्शन (मेरह)लाई बुझाउन" गाब्रियल देखा परेका थिए (दानियल ९:२३ रूपान्तरित)। दानियल ९:२४-२७मा उल्लेखित भविष्यवाणीले देखाएको सत्तरी हप्ताको समयले दानियल ८:१४लाई बुझाउन सहयोग गर्दछ। "परमादेश जारी गरेको" (रूपान्तरित) भनेर दानियल ९:२४को सुरूमा उल्लेख गरिएको क्रियापदलाई "काटियो" भनेर उपयुक्त तरिकाले अनुवाद गरिएको छ। त्यसले सत्तरी हप्ताको भविष्यवाणी २,३०० दिनको लामो भविष्यवाणीको एक भाग भनेर मानी लिएको छ। त्यसकारण दानियल ८:१४मा उल्लेखित २,३०० दिनको समयबाट सत्तरी हप्ता काटिएको पाइन्छ। त्यसको बारेमा उपसंहारमा अलिकति उल्लेख गरिएको छ।


## उपसंहार

**थप जानकारीः** एलेन जी ह्वाइटको पुस्तक *द ग्रेट कन्त्रोभर्सीको* पृ. ४०९-४२२को "ह्वाट इज सान्क्ट्युरी" र पृ. ४२३-४३२को "द होली अभ होलिज"मा यस अध्यायको बारेमा थप जानकारी पाइन्छ।

दानियल ९:२४-२७को सत्तरी हप्ता सुरूहुन्छ, **"यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्।" (दानियल ९:२५)।** एज्राको पुस्तकमा यरुशलेम र त्यहाँको मन्दिरकोबारेमा तिन लेखा राखिएको छ। तर भविष्यवाणीलाई पुष्टि गर्ने एज्रा ७:१२-२६को तेस्रो लेखाचाहिँ असाध्य मिल्न आउँछ। पर्सियाका राजा आर्टजेरक्सस प्रथमले ई.पू. ४५७मा दिएको परमादेश उल्लेख गरिएको छ। यरुशलेम मन्दिरको पुननिर्माण गर्न त्यो आदेशमा दिइएको थियो। त्यस ताका यरुशलेम राजनैतिक हिसावले केन्द्रको रूपमा लिइएको थियो (एज्रा ७:२५,२६)। गैर यहूदी वा अन्य जाति राजाले परमेश्वरको प्रभावमा मन्दिर पुननिर्माण गर्न आदेश परमेश्वरका जनहरूको बीचमा हर्षोउल्लास भएको थियो। तिनीहरूले परमेश्वरप्रति कृतज्ञ भएर उहाँको स्तुति गरेका थिए (एज्रा

७:२७)। बाइबलमा यस्तो घट्ना केवल यो मात्र उल्लेख गरिएको छ। सत्तरी हप्ता अर्थात ४९० वर्षको सुरू ई.पू ४५७मा सुरूभएर दानियल ९:२५-२७मा उल्लेखित राजकुमार मसीहको समयसम्म त्यो भविष्यवाणी पुगेको थियो। त्यसकारण २,३०० दिनको बेलुका र बिहान अर्थात् २,३०० वर्षसम्म लम्बिएको भविष्यवाणीमा सत्तरी हप्ता वा ४९० दिनको भविष्यवाणी ठ्याक्क मिल्ने घट्नाको मिति जुटिएको छ। त्यो ई.पू. ४५७मा सुरू भएको भविष्यवाणी २,३०० वर्ष पछि अन्त्य हुन्छ। त्यो वर्षको अन्त्य ई.सन् १८४४ भनेर पुष्टि गरेको छ।

**२३०० वर्षको अगमवाणी**




**चिन्तनमनन**

अ. सक्नुहुन्छ भने दानियल ८:१४ र दानियल ९:२४-२७को बीचमा भएको सम्बन्धको वाख्या स्पष्टरूपमा बुझ्न खोज्नुहोस्। अनि तिनीहरूको बीचमा कसरी नजिकै सम्बन्ई त्यो बुझ्न खोज्नुहोस्। दानियल ९:२४-२७को उलेखनीय भविष्यवाणीसँग दानियल ८:१४ नजिकै मिलेको ज्ञान बुझ्न किन जरुरत छ?

आ. एलेन जी ह्वाइटले लेखेकी थिइन्: “वर्तमान छानविन न्याय र पवित्र मन्दिरको बिषयवस्तुलाई परमेश्वरका जनहरूले स्पष्ट रूपमा बुझ्नुपर्दछ। तिनीहरूको मूल पुरोहित येशू ख्रीष्टको स्थान र कामको बारेमा सबैले जान्नु आवश्यक छ। नभएदेखि यस्तो समयमा परमेश्वरको आस्थामा अडिग रहन सम्भब हुँदैन न त

परमेश्वरले चुन्नुभएको काममा क्रियाशील हुन तिनीहरू सक्षम् नै हुन्छ।"-द ग्रेट कन्त्रोभर्सी, पृ. ४८८बाट रूपान्तरित। उनले भन्न खोजेको के हो? ती कुराहरू हामीले बुझ्न किन अपरिहार्य छ?

इ. जब दानियल ७ र ८मा सानो सिङ्गको बारेमा चर्चा गरिन्छ त्यो केवल रोमको बारेमा मात्र चर्चा गरिएको छ, अरू कुनै धर्म वा वादको बारेमा होइन भनेर स्पष्ट रूपमा बुझ्नु पर्दछ। कसैले कम्युनिजम वा इस्लामको बारेमा भनेको हो भनेर गलत वाख्या गरेको पाइन्छ। तर कतिपयले त्यस भविष्यवाणीको बारेमा विश्वास गरेको हामीहरूको अनुसार नहोला। तैपनि तिनीहरूको चित्त नदुखाइकन हामीले गरेको विश्वासमा कसरी अडिग भएर बस्ने? कुनै मानिससँग होइन तर प्रणालीसँग हामी चासोसाथ अध्ययन गर्छौं भनेर कसरी अरूलाई बुझाउने?